सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.

Reg no. 1247/067/068
**Head Office**
Civil Trade Center (CTC)
Sundhara-11, Kathmandu, Nepal
P.O. Box: 9799
Tel No: 4251087, 4251015
Fax No: 4251036
E-mail: info@civilbank.com.np
www.civilbank.com.np

मिति :२०७९।११।०३
चलानी :.CiBL/DB/008/2023

श्रीमान्
कार्यालय प्रमूख ज्यू
धार्चे गाउंपालिका
माछाखोला, गोरखा ।

विषय : सिभिल बैंक लि. हिमालयन बैंक संग Acquire भै एकिकृत कारोबार गर्ने सम्बन्धमा ।

महोदय,

यस सिभिल बैंक लि.लाई हिमालयन बैंक लि ले प्राप्ति (Acquisition) गर्ने अन्तिम स्वीकृती नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७९।१०।१७ को प. स. बै. वि. नि. वि. । मर्जर । ४४ । ०७९ । ८० मार्फत प्राप्त भएको जानकारी गराउँदछौ । सोहि सिलसिलामा एकिकृत कारोबार हुने दिन मिती २०७९ । ११ । १२ को सूचना मिती २०७९ । ११ । २ गते को राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित भै सकेको जानकारीको लागी अनुरोध छ ।

तसर्थ सयुंक्त कारोबारको लागी Software Integration गर्ने सिलसिलामा यस सिभिल बैंक लि.को सम्पूर्ण शाखाहरुको कारोबार मिति २०७९ । ११ । ८ (सोमबार) गते देखि २०७९ । ११ । ११ ( बिहिवार) सम्म बन्द रहने जानकारीको लागि अनुरोध गर्दछौ ।

अत: यस बैंक बाट दिदै आएको सम्पूर्ण सेवा मिती २०७९ । ११ । १२ बाट हिमालयन बैंक लिमिटेडको नाममा संचालन हूने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछौ ।

यसबाट पर्न जाने असुबिधाका लागि हामी क्षमाप्रार्थी छौं ।

भवदीय,

Civil Bank Ltd.

.............................
शाखा प्रवन्धक

सलंग्न:
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७९।१०।१७ को प. स. बै. वि. नि. वि. । मर्जर । ४४ । ०७९ । ८० को प्रतिलिपि थान १
२. एकिकृत कारोबार हुने राष्ट्रिय दैनिक पत्रिका मा प्रकाशित सूचनाको प्रतिलिपि थान १



CamScanner

मंगलबार, २ फागुन २०७९
TUESDAY, 14 FEBRUARY 2023
karobardaily.com कारोबार

# हिमालयन बैंक लिमिटेड र सिभिल बैंक लिमिटेडका एकिकृत कारोबार बैंकिङ्ग सेवा तथा कारोबार बन्द रहने बारे अत्यन्तै जरुरी सूचना

हिमालयन बैंक लिमिटेडद्वारा सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी यही मिति २०७९ फाल्गुण महिना १२ गते शुक्रबारका दिन देखि "हिमालयन बैंक लिमिटेड" नामबाट "क" वर्गको इजाजत प्राप्त बैंकको रुपमा एकिकृत कारोबार सुरु गर्ने जानकारी गराउँदै बैंकका सेवा-सुविधामा निम्न अनुसारको फेर बदल आउने जानकारी गराउँदछौं ।

- प्राप्ति पश्चात् बैंकको रजिष्टर्ड कार्यालय हाल हिमालयन बैंक लिमिटेडको रजिष्टर्ड कार्यालय रहेको स्थान काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं २८ कमलादी, काठमाडौंमा रहने जानकारी गराउँदछौं ।
- हिमालयन बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरु System Upgradation/Data Migration का लागि मिति २०७९ फाल्गुण महिना ८ गते सोमबारको सन्ध्याकालिन काउन्टर सेवा, मिति २०७९ फाल्गुण महिना १० गते बुधबार र २०७९ फाल्गुण महिना ११ गते बिहिबार बन्द रहने छन् भने सिभिल बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरु मिति २०७९ फाल्गुण महिना ८ गते सोमबार देखि २०७९ फाल्गुण महिना ११ गते बिहिबार सम्म बन्द रहने छन् ।
- सिभिल बैंक लिमिटेडका शाखा कार्यालयहरु मिति २०७९ फाल्गुण महिना ७ गते आइतबार सुचारु रहने छन् ।
- सो अवधिमा हिमालयन बैंकबाट जारी भएको ATM कार्डहरु (डेबिट, क्रेडिट तथा प्रिपेड) मार्फत हुने कारोबारहरु सुचारु रहने छन् ।
- सिभिल बैंकबाट जारी भएको ATM कार्डहरु (डेबिट, क्रेडिट तथा प्रिपेड) मार्फत हुने कारोबारका साथै दुबै बैंकका Mobile Banking App र Internet Banking सेवा भने सो अवधिका लागि बन्द रहने छ ।
- एकिकृत कारोबार पश्चात सिभिल बैंकका ग्राहकहरुको खाता नम्बर परिवर्तन हुने हुँदा आफ्नो नजिकको शाखामा गई नयाँ खाता नम्बर लिनुहुन अनुरोध गर्दछौं ।

प्राप्ति प्रक्रियामा उल्लेखित दिनहरुमा दुबै बैंकका शाखा कार्यालयहरु तथा बैंकिङ कारोबार बन्द हुने कारणले ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमा प्रार्थी छौं ।

हिमालयन बैंक लिमिटेडद्वारा सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्पूर्ण प्रक्रियामा सहयोग पुर्‍याउनु हुने नियमनकारी निकायका पदाधिकारीज्यूहरु लगायत सम्पत्ति दायित्व मूल्याङ्कनकर्ता तथा यस प्रक्रियालाई सहज बनाउने अन्य सम्पूर्ण विशेषज्ञहरु प्रति हिमालयन बैंक लिमिटेड तथा सिभिल बैंक लिमिटेड हार्दिक आभार व्यक्त गर्दछौं ।

HBL Himalayan Bank Ltd.

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.

CamScanner